Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction
Nepalgunj, Banke

**Invitation for Bids**

**Date of Publication: 2082-11-15 (27/02/2026 A.D.), Notice No: 02-2082-083**

Project Office of Urban Development and Building Construction (PUDBC), Banke invites electronic bids from eligible bidders for the following works under NCB Single Stage single Envelope and double Envelope System Bidding Procedures. Bidders may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp.

| Contract ID. No. | Description of Work | Estimate Amount (NRS) without VAT | Bid security Amount (NRs.) | Bid Document fee (NRs.) | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| DUDBC/PUDBC/Banke/Works/NCB/2082/083-05 | Maintenance and Rehabilitation Works of fire damaged Survey Office Building and other government buildings, Nepalgunj, Banke | 6,911,580.62 | 190,000.00 | 3,000 | 2082/11/29 at 12:00 hrs. | NCB 1S1E |
| DUDBC/PUDBC/Banke/Works/NCB/2082/083-06 | Maintenance and Rehabilitation Works of Fire Damaged Inland Revenue Office, Nepalgunj, Banke | - | 525,000.00 | 5,000 | | NCB 1S2E |

Project Chief


# मतपत्र ढुवानी सकियो
# आजबाट एसईईको प्रश्नपत्र छपाइ सुरु

**ईश्वरराज ढकाल, काठमाडौं**

निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्रसहित अन्य निर्वाचन सामग्री ढुवानी सकेको छ भने आज बिहीबारबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) को प्रश्नपत्र छपाइ सुरु भएको छ।

हिजो बिहान काठमाडौं र भक्तपुरको मतपत्र पुर्‍याएसँगै सबै जिल्लाको मतदान केन्द्रमा मतपत्र ढुवानी सकिएपछि प्रश्नपत्र छपाइ सुरु भएको हो। प्रश्नपत्र छपाइ गर्न एसईईका परीक्षा नियन्त्रक टुकराज अधिकारीसहित ४ जनाको टोली जनक शिक्षा सामग्रीको सुरक्षण मुद्रणालयमा प्रवेश गरेका छन्।

उक्त टोली प्रश्नपत्र छपाइ र ढुवानी नसकिन्जेल करिब १ महिना केन्द्रको आवासमा बस्नेछन्। केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले हिजो बुधबारबाट परीक्षा नियन्त्रकसहित तीनवटै सुरक्षा निकाय केन्द्र प्रवेश गरेको जानकारी दिनुभयो। मतपत्र छपाइ सकिएको छ। त्यही सुरक्षा टोली प्रश्नपत्र छाप्न खटिनेछन्। केन्द्रका अनुसार २६ कर्मचारी, २७ जना नेपाली सेना, २३ सशस्त्र र १५ जना नेपाल प्रहरीसहित ८१ सुरक्षाकर्मी परिचालन भएका छन्।

'यो वर्ष ५ लाख २० हजार हजार विद्यार्थीका लागि प्रश्नपत्र छाप्नेछौं'-प्रबन्ध सञ्चालक पौडेलले भन्नुभयो। २६ दिनमा प्रश्नपत्र छपाइ गरी त्यहींबाट ढुवानी गर्ने व्यवस्था मिलाएको छ। परीक्षा नियन्त्रक अधिकारीले मंगलवार नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो- '१३ गतेबाट जनक शिक्षा प्रवेश गर्नेछ। छपाइ र ढुवानी सम्पन्न नभएसम्म करिब १ महिना केन्द्रमै रहनेछौं।'

८१ जना सुरक्षाकर्मीका टोलीले तीन तहको सुरक्षा घेराभित्र प्रश्नपत्र छपाइ हुनेछ। त्यसमा नेपाली सेना, नेपाल प्रहरीको र सशस्त्र प्रहरी बलको टोली परिचालन हुनेछ। भित्री घेरामा नेपाली सेना, त्यसपछि सशस्त्र र सबैभन्दा बाहिरी घेरामा नेपाल प्रहरीको टोली परिचालित छन्। मतपत्र छपाइ गर्न परिचालन भएको सुरक्षा टोली नै प्रश्नपत्र छाप्ने र सुरक्षा गर्न परिचालित भएका छन्। प्रश्नपत्र छाप्न केन्द्रको सुरक्षण मुद्रणालयमा प्रवेश गरेको टोली प्रश्नपत्र छपाइ र ढुवानी नभएसम्म केन्द्रमै बस्ने व्यवस्था मिलाएको छ।

पनिकाले सातवटै प्रदेशमा फरकफरक सेटमा प्रश्नपत्र छपाइ हुने जनाएको छ। बोर्डले फागुन मसान्तभित्र प्रश्नपत्र ढुवानी सुरु गर्नेछ। बोर्डले विद्यार्थी संख्याभन्दा करिब १० प्रतिशत बढी प्रश्नपत्र छाप्ने योजना छ। हरेक विषयका फरकफरक सेट प्रश्नपत्र हुनेछन्। साधारण र प्राविधिक धारतर्फ गरी दुई प्रकारको परीक्षा हुनेछ। परीक्षामा साधारणतर्फ ६ र प्राविधिक धारतर्फ ६ अनिवार्यसहित १२८ विषय छन्। सबै विषयका प्रश्नपत्र छपाइ गर्नुपर्नेछ।

बोर्डले सबै विषयमा दुई सेट प्रश्नपत्र छाप्ने तयारी गरेको छ। प्रश्नपत्र छपाइसँगै केन्द्रबाटै ढुवानी गर्ने व्यवस्था मिलाइएको छ। 'सुरुमा कर्णाली र सुदँरपश्चिम प्रदेशमा ढुवानी गर्नेछौं। अन्तिममा सुगम जिल्लामा पुर्‍याउनेछौं'-प्रबन्ध सञ्चालक पौडेलले भन्नुभयो। यस वर्षको परीक्षा चैत १९ गतेबाट सुरु हुनेछ। परीक्षा सुरु हुनु करिब २४ दिनअघि प्रश्नपत्र छपाइ सुरु भएको हो।

यसैबीच हिजो बुधबार काठमाडौं र भक्तपुरका मतदान केन्द्रमा मतपत्रलगायत सामग्री ढुवानी गरेसँगै सबै केन्द्रमा मतपत्र ढुवानी सकिएको केन्द्रले जनाएको छ। केन्द्रले ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि २ करोड ३ लाख २३ हजार मतपत्र छपाइ गरेको थियो भने समानुपातिकतर्फ २ करोड ८ लाख ३० हजार मतपत्र छापेको थियो।

पुस २२ गतेबाट मतदाता शिक्षाका लागि नमुना मतपत्र छापेको थियो। आयोगले हालसम्म मतदाता शिक्षा कार्यक्रम सुरु गरिरहेको छ भने केन्द्रमा खटिने कर्मचारीलाई तालिम जारी राखेको छ।


**Patarasi Rural Municipality**
**Office of The Rural Municipal Executive**
Lasi, Jumla
Karnali Province, Nepal

**Invitation for Bids**

**(First Date of publication: 27/02/2026)**

1. The Office of The Patarasi Rural Municipality, Jumla invites electronic bids from registered firms for the following works under NCB and SQ Single Stage Single Envelope (1S1E) uploadable as shown in table below.

**Details of work**

| S N | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount including VAT 13% | Bid Security Amount (Rs) | Deadline for Bid document purchasing date and time | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (Rs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/Work/2082/083/PRM-04 | 8 Room Building Construction, Sarswati Secondary School Patarasi Rural Municipality-7, Rini Jumla | 1,26,10,017.97 | 3,65,000 | 27/02/2026 12:00 pm To upto submission date & time | 29/03/2026 12:00 pm | 29/03/2026 14:00 pm | 3000.00 |
| 2 | SQ/Goods/2082/083/PRM-03 | Fabrication of Pere Suspension Bridge, Patarasi R.M.-2, Jumla | 75 Days From the day of bid opening | 44000.00 | 27/02/2026 12:00 pm To upto submission date & time | 13/03/2026 12:00 pm | 13/03/2026 14:00 pm | 1000.00 |

2. Eligible Bidders may obtain further information and inspect the e-bidding documents at the office of the Patarasi Rural Municipality, Jumla, Phone no: 9767866977/9848326857 and from PPMO web portal: www.bolpatra.gov.np/egp.
3. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063 Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

Chief Administrative Officer


## यातायात कार्यालय नेपालगञ्जका तत्कालीन प्रमुखसहित ३२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, (नेस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात व्यवस्था कार्यालय नेपालगञ्ज बाँकेका तत्कालीन कार्यालय प्रमुख लोकबहादुर सुनारसहित ३२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

प्रवक्ता सुरेश न्यौपानेका अनुसार भारतीय चोरीका तीन वटा गाडी आर्थिक लेनदेन गरी दर्ता गरेको र बाहिर हल्ला भएपछि संलग्न कर्मचारीहरूले ती गाडीमध्ये एउटा गाडीको दर्ता बदर गरेकोले कारबाहीको माग गर्दै आयोगमा उजुरी परेको थियो।

सोही उजुरीका आधारमा अनुसन्धानपछि उनीहरूविरुद्ध मुद्दा दायर गरिएको हो। आयोगले उनीहरूलाई कैद र जरिवाना दुवै सजायको मागदाबी गरेको छ।


# हार्दिक समवेदना



जन्म: असार १५, १९९२
स्वर्गारोहण: फाल्गुन २५, २०८१

**स्व. जुजुभाई श्रेष्ठ**

हाम्रा प्रात: स्मरणीय पुजनीय पिता **स्व. श्री जुजुभाई श्रेष्ठ** ज्यूको असामयिक स्वर्गारोहण भएको प्रथम वार्षिक पुण्यतिथिमा दिव्यात्माको चीर-शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै, यस दु:खद घडीमा हामी प्रति सहानुभुति एवं समवेदना व्यक्त गर्नुहुने समस्त आफन्तजन तथा सम्पूर्ण शुभेच्छक प्रति हार्दिक कृतज्ञा प्रकट गर्दछौं।

छोरी / ज्वाईहरु :-
विणा श्रेष्ठ / रविन्द्र लाल श्रेष्ठ
दिना जोशी श्रेष्ठ / अनिल जोशी
नविना श्रेष्ठ / सबिन राज श्रेष्ठ
लिना श्रेष्ठ / प्रबिन श्रेष्ठ
निना श्रेष्ठ

नातिनी / ज्वाईहरु :-
लिभा श्रेष्ठ राजवहाक / अशेष राजवहाक
अदिती जोशी सिवकोटी / एन्जल सिवाकोटी
रुही श्रेष्ठ, रिया श्रेष्ठ

नाति / बुहारीहरु :-
आयुष श्रेष्ठ / रुविना श्रेष्ठ
अदिश जोशी / जेमिला श्रेष्ठ जोशी
केभिन लाल श्रेष्ठ / उल्साह श्रेष्ठ
एल्भिन लाल श्रेष्ठ, विराज श्रेष्ठ


## निर्वाचनका दिन हवाई सेवा यथावत् सञ्चालन हुने

**काठमाडौं, (नेस)**

यही फागुन २१ गते बिहीबार प्रतिनिधिसभा निर्वाचनका दिन आन्तरिक तथा वाह्य दुवै हवाई उडान यथावत् सञ्चालन गर्न दिइने भएको छ।

निर्वाचन आयोगले निर्वाचन सुरक्षा तथा मतदान प्रक्रियामा आवश्यक सहजीकरण सम्बन्धमा विभिन्न निर्णय गरेको छ। सोही क्रममा आयोगले गृह मन्त्रालयलाई पत्र लेख्दै हवाई उडान यथावत् सञ्चालनको वातावरण बनाउन भनेको हो। निर्णयअनुसार मतदानको दिन आन्तरिक र वाह्य उडान यथावत् सञ्चालन हुनेछन्।

आन्तरिक र अन्तर्राष्ट्रिय उडानको टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र बसोबास स्थलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी तथा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाउनसमेत आयोगले गृह मन्त्रालयलाई भनेको छ। यसअघिका निर्वाचनमा आन्तरिक उडानका जहाज बन्द गर्ने प्रचलन थियो। सोहीअनुसार नेपाल पर्यटन बोर्डले ट्राभल एडभाइजरीसमेत जारी गरेको थियो।


**नबिल बैंक लिमिटेडको संस्थापक समूहको शेयर विक्री बारेको सूचना**

यस बैंकका संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको ७१,१४० कित्ता संस्थापक शेयर प्रतिकित्ता रु. ३५०/– (तीन सय पचास) मूल्यमा बिक्रीका लागि पेश गरेको निवेदन उपर नेपाल राष्ट्र बैंकबाट जारी ई.प्रा. निर्देशन १०/०८१ बमोजिम उक्त संस्थापक शेयरहरु खरिद गर्न बैंकको विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिई मिति २०८२/०९/१३ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम बैंकको विद्यमान संस्थापकहरु मध्येबाट शेयर खरिदको लागि निवेदन पर्न नआएकोले उक्त शेयरहरु अन्य व्यक्ति/संस्थालाई बिक्री गरिने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

अत: माथि उल्लिखित शेयरहरु खरिद पश्चात समेत संस्थापक शेयरधनी समूहमा नै रहने गरी खरिद गर्न इच्छुक सर्वसाधारण व्यक्ति/संस्थाले यस बैंकको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल नारायणचौर, काठमाडौंबाट शेयर आवेदन फारम प्राप्त गरी यसै सूचना र आवेदन फारमसँगै प्राप्त हुने शर्तहरु/जानकारीहरु बमोजिम यस सूचनाको मिति समेत उल्लेख गरी गोप्य शिलबन्दी आवेदनपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र पेश गर्नुहुन अनुरोध गरिएको छ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौ, फोन नं ०१-५९७१८७१